सुप्रबल जनसेवा श्री
प्रहरी महानिरीक्षक दान बहादुर कार्की
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं

नयाँ वर्ष २०८३ सालको उपलक्ष्यमा शुभकामना सन्देश

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा बहालवाला प्रहरी कर्मचारीहरू र वहाँहरूको परिवारजन, समादरणीय अवकाशप्राप्त प्रहरी कर्मचारीहरू, कर्तव्य निर्वाह गर्ने क्रममा अंगभंग तथा घाईते हुनुभएका साहसी प्रहरी कर्मचारीहरू र सदा पूजनीय अमर प्रहरीका श्रद्धेय परिवारजनहरुमा सुख र शान्तिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

देशमा शान्ति, सुव्यवस्था र सुरक्षा बहाल राख्न प्रहरी कर्मचारीहरूले आफ्नो पसिना र रगत सँगै आवश्यक पर्दा लोकहितका निमित्त आफ्नो प्राण पनि उत्सर्ग गरेका छन् । यस गौरवशाली संगठनका सदस्यहरूको त्याग, अनुशासन र साहसिक योगदानको स्मरण गर्दै समस्त सत्कर्मशील सदस्यहरूमा नमन गर्दछु । सकल दर्जाका प्रहरी कर्मचारीहरूको समर्पण, व्यावसायिक निष्ठा, वीरता र धीरता नै नेपाल प्रहरीलाई अझ सक्षम, व्यावसायिक, जनमुखी र जनप्रिय बनाउने महत्वपूर्ण आधार रहेको यहाँहरूलाई स्मरण गराउन चाहन्छु ।

नव वर्षको प्रथम बिहानीले हामीलाई प्रत्येक अस्त पछि नयाँ उदय निश्चित रहेको शिक्षा दिँदै विगतका अनुभवहरूबाट शिक्षा लिंदै नयाँ सुरुवात गर्न पनि प्रेरित गर्दछ । सुशासन, पारदर्शिता, अनियमितता र भ्रष्टाचारमुक्त सुरक्षित र समृद्ध राष्ट्र निर्माणप्रतिको जन अपेक्षालाई गम्भीरताका साथ आत्मसात् गर्दै आम नागरिकको अपेक्षा अनुरूप आफ्नो बोली-बचन, व्यवहार र कार्यशैलीमा सकारात्मक रूपान्तरण ल्याउन पनि निर्देशित गर्दछु । शीघ्र, प्रभावकारी तथा नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्दै संगठनको गरिमा र मर्यादालाई नयाँ उचाइमा पुऱ्याउन हामी एकबद्ध भई अघि बढ्नको लागि संकल्पित हुने प्रण गर्न पनि निर्देशन दिन चाहन्छु ।

नयाँ वर्षसँगै हामी सबै नेपालीको घरआँगन र जीवनमा नयाँ उर्जा, उत्साह र उमङ्ग, सिर्जनशीलताका साथ सकारात्मक परिवर्तन आउने विश्वासका साथ यहाँहरू सबैको व्यावसायिक र पारिवारिक जीवनमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नयाँ वर्षको हार्दिक मंगलमय शुभकामना, जय नेपाल ।

प्रहरी महानिरीक्षक
(दान बहादुर कार्की)

२०८२ चैत्र ३० गते

पोष्ट बक्स नं. ४०७, कार्यालय: +९७७-१-५७१९८०२, ५७१९८०३,
ईमेल: phqigs@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np,
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।